गोसाईकुण्ड गाउँपालिका

फोन नं. ०१० -५४१००८८

# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रुबेसी रसुवा
वागमती प्रदेश नेपाल

मिति :२०७९।०९।२६

प.सं.: ०७९/०८०
च.नं.: ४०८

श्री अध्यागमन कार्यालय

रसुवागढी, टिमुरे

रसुवा

विषयः- नेपाल-चीन सीमाक्षेत्रका बासिन्दाका लागि प्रस्थान/प्रवेश अनुमति-पत्र नयाँ वित्तरण तथा नवीकरण सम्वन्धमा।

उपरोक्त सम्वन्धमा नेपालको उत्तरी नाका रसुवागढी र चीनको जिलोङ कन्ट्रि केरुङनाकाबाट दुई देश विच व्यापार व्यवसाय गर्ने उद्देश्य २०७१ सालवाट संचालनमा आएको अन्तराष्ट्रिय नाका केही बर्षयता अर्थात सन् २०१९ को अन्तवाट विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड-19)का कारण हाल सम्म मानव आवत जावतमा पूर्ण रोक लगाए तापनि पैठारीका मालवाहक सवारी साधनहरु आंशिक रुपमा स्वास्थ्यका मापदण्ड अपनाएर संचालनमा आईरहेको सर्व विविध नै छ। तसर्थ पछिल्लो समय विश्वभर कोरोनाको असर दिनानु दिन घट्दै जानु र दुई छिमेकी मित्र राष्ट्रहरु विच पटक-पटकको छलफलवाट पहिला कै व्यवस्था अनुसार नियमित मानव सहित अन्य व्यापार व्यवसाय सहजै रुपमा खुलाउने सकरात्मक सोचमा मित्र राष्ट्र चीन सरकार देखिएकोले निकट भविष्यमा खुल्ने यस रसुवागढीनाकालाई नेपालका तर्फवाट निभाउनु पर्ने जिम्मेवार अनुसार एक स्थानीय सरकारको हैसियतले विगतमा भ्रममापारी फैलाएको नकारात्मक समाचारहरुलाई चिर्दै आवश्यक समन्वय र सहकार्यवाट संचालनको लागि यस पालिका प्रतिवाद्व रहेको व्यहोरा जानकारी गराउँद छु। साथै तहाँ कार्यालयले वित्तरण गर्ने नेपाल-चीन प्रस्थान/प्रवेश अनुमति-पत्र नयाँ जारी एवम् नवीकरण गर्दा जिल्ला स्तरमा अवस्थित सरोकारवाला निकायहरु, जिल्लामा कृयासिल राजनितिक दलहरु र अन्य सरोकारवाला संघ संस्थाहरुको छलफलवाट विगतमा गरिएको सहमति अनुसार नै कार्यान्वयनको लागि आवश्यक मापदण्ड मध्ये जिल्लावासीको हकमा सम्बन्धित जिल्लावाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण-पत्र र वडा कार्यालयको सिफारिस साथै अन्यत्र जिल्लावाट बसाई सरी आएको हकमा, बसाई सराईको प्रमाण-पत्र सहित विजुली या खानेपानीको रकम तिरेको रसिद र सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा नयाँ वित्तरण तथा नवीकरण गर्न सकिने छ भनि गरेको सहमति अनुसार नै कार्यावन्यनको लागि सहजीकरणका साथ सहयोग गरी दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

कैसाङ नुर्पु तामाङ

अध्यक्ष

कैसाङ नुर्पु तामाङ
गाउँपालिका अध्यक्ष

बोधार्थ

१) जिल्ला प्रशासन कार्यालय धुन्चे, रसुवा

२) जिल्ला प्रहरी कार्यालय धुन्चे, रसुवा

मिति :२०७९।०९।२६

प.सं.: 079/080
च.नं.: 402

३) जिल्ला भन्सार कार्यालय टिमुरे, रसुवा

४) नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालय रसुवा

५) नेकपा (एमाले) जिल्ला कमिटी रसुवा

६) नेकपा (माओवादी-केन्द्र) जिल्ला कमिटी रसुवा

७) उत्तरगया गाउँपालिका खाल्टे, रसुवा

८) कालिका गाउँपालिका कालिकास्थान, रसुवा

९) नौकुण्ड गाउँपालिका सरमथलि, रसुवा

१०) आमाछोदिङ्मो गाउँपालिका गोल्जुङ्वेशी, रसुवा

११) गोसाईकुण्ड गाउँपालिका वडा नं. १, थुमन : माथि उल्लेखित बुदाँहरुमा रहेर सहजिकरण गर्ने ।

१२) गोसाईकुण्ड गाउँपालिका वडा नं. २, टिमूरे : माथि उल्लेखित बुदाँहरुमा रहेर सहजिकरण गर्ने ।

१३) गोसाईकुण्ड गाउँपालिका वडा नं. ३, बृधिम : माथि उल्लेखित बुदाँहरुमा रहेर सहजिकरण गर्ने ।

१४) गोसाईकुण्ड गाउँपालिका वडा नं. ४, लाङटाङ : माथि उल्लेखित बुदाँहरुमा रहेर सहजिकरण गर्ने ।

१५) गोसाईकुण्ड गाउँपालिका वडा नं. ५, स्याफ्रु : माथि उल्लेखित बुदाँहरुमा रहेर सहजिकरण गर्ने ।

१६) गोसाईकुण्ड गाउँपालिका वडा नं. ६, धुन्चे : माथि उल्लेखित बुदाँहरुमा रहेर सहजिकरण गर्ने ।

कैलाङ तुपु तामाङ
गाउँपालिका अध्यक्ष